# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिल
मन्त्रालय,बागमती प्रदेश

# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७

<u>प्रमाणीकरण र प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०७७।०४।१३

**संवत् २०७७ सालको ऐन नं. ६**

**<u>अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः अन्य प्रदेशबाट यस प्रदेशमा आई स्थायी र अस्थायी रुपमा बसोबास गर्ने बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "अस्थायी बासिन्दा" भन्नाले स्थायी बासिन्दा बाहेकका बासिन्दालाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "बासिन्दा" भन्नाले नेपालभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ङ) "स्थायी बासिन्दा" भन्नाले बागमती प्रदेश अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट यस प्रदेशमा स्थायी बसोबास गर्ने गरी बसाइँ सराइ गरी आएको व्यक्ति वा यस प्रदेशमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट मतदाता परिचयपत्र प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ।

३. **<u>बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा</u>**: बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा प्रदान गरिनेछः-

(क) अन्य प्रदेशबाट यस प्रदेशमा आइ बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ।

(ख) अन्य प्रदेशबाट यस प्रदेशमा आइ बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति, सार्वजनिक वा निजी क्षेत्रबाट भेदभावपूर्ण वा असमान व्यवहार गरिने छैन।

(ग) अन्य प्रदेशबाट यस प्रदेशमा आइ बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सार्वजनिक वा निजी

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ।

४. **<u>भेदभाव नगरिने</u>**: यस प्रदेशभित्रका र अन्य प्रदेशबाट यस प्रदेशमा आएका बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभावजन्य व्यवहार गरिने छैन।

५. **<u>सजाय</u>**: कसैले दफा ४ को विपरीत कार्य गरेको प्रमाणित भएमा निजलाई दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

६. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>**: यस ऐन विपरीतको कार्यबाट कसैलाई कुनै नोक्सानी भएको देखिएमा नोक्सानी पुऱ्याउने पक्षबाट मुनासिब माफिकको क्षतिपूर्तिसमेत पीडित पक्षलाई भराइ दिन सकिनेछ।

७. **<u>हदम्याद</u>**: यस ऐन विपरीतको कार्य भए गरेको मितिले पैंतीस दिनभित्र मुद्दा दायर गरी सक्नु पर्नेछ।

८. **<u>मुद्दा हेर्ने अधिकारी र पुनरावेदन</u>**: (१) दफा ४, ५ र ६ बमोजिमको मुद्दाको कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको निर्णय चित्त नबुझेमा सो निर्णय उपर पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

९. **<u>विशेष सुविधा सम्बन्धी व्यवस्था</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस प्रदेशमा बसोबास गर्ने कुनै खास जाति, वर्ग, लिङ्ग र समुदाय वा स्थायी बासिन्दालाई संविधान, प्रचलित संघीय एवं प्रदेश कानून बमोजिम थप सेवा सुविधा प्रदान गर्न सक्नेछ।

१०. **<u>नियम बनाउन सक्ने</u>**: यस ऐनको कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश